## औंलााहरु चुमेर

औंलाहरु चुमेर औंला भरि सलाम !
मेरो हजुरलाई आँखाभरी सलाम !

के बिराएँ ? नजरले चुमें
ती फूल जो ओठमा फुले ।
के बिराएँ ? हत्केलामा थापें
ती केश जो लाजमा झुके !
मानें, कि मेरो हजुरलाई
बाटोभरि साह्रै गरी लाज लाग्यो रे !

औंलााहरु चुमेर औंलाभरि सलाम !
मेरो हजुरलाई आँखाभरि सलाम !

के बिराएँ ? सपनामा आएँ
सपना र विपना पगालें
के बिराएँ ? फूलमा गालें
सीमाना र साध नै पगालें !
मानें कि मेरो हजुरलाई सपनामा
रातभरि नींद लागेन रे !